प्रदेश लोक सेवा आयोग
मधेश प्रदेश, जनकपुरधाम।
(परीक्षा शाखा)
Email : info.ppsc@p2.gov.np
Tel: 041-590247,590253

सूचना नं. १२७/०८१-८२ मितिः- २०८१/०८/२८

## विषयः- लिखित नतिजामा नाम समावेश नगर्ने तथा दरखास्त रद्द गरिएको सम्बन्धी सूचना।

उपरोक्त सम्बन्धमा यस आयोगको विज्ञापन नं. ४७/०७९-०८० (अन्तर सेवा) प्रशासन सेवा, सामान्य प्रशासन /लेखा समूह अधिकृत सातौ तहमा दरखास्त दिई लिखित परीक्षामा सम्मिलित परीक्षार्थी श्री प्रकाश कुमार कर्णको प्रदेश निजामती सेवा ऐन, २०७६ को दफा ९ को उपदफा १७ मा " उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको अन्तर सेवाद्वारा पदपुर्ति हुने पदमा संघीय निजामती सेवा वा स्थानीय सेवाको एक श्रेणी वा तह मुनिको पदमा कम्तीमा सात वर्ष सेवा अवधी पुरा गरेका र पुर्ति हुने पदका लागि तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन् " भनि उल्लेख भए अनुसारको सेवा अवधि पुगेको नदेखिएकोले निज परीक्षार्थी प्रकाश कुमार कर्णलाई उक्त विज्ञापनको लिखित नतिजामा नाम समावेश गर्न नमिल्ने देखिएको तथा प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ को नियम १० को उपनियम ५ मा उल्लेख " उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनी परीक्षा प्रवेश पत्र जारी भए पछि कुनै उम्मेदवारको दरखास्त फाराम रीत पूर्वकको नदेखिएमा त्यस्तो दरखास्त फाराम जुनसुकै अवस्थामा पनि रद्द गर्न सकिनेछ" भए अनुसार निज परीक्षार्थीको उक्त विज्ञापित पदका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता पुगेको देखिएको तर न्युनतम सेवा अवधी (एक श्रेणी वा तहको मुनिको पदमा सात वर्ष ) पुगेको नदेखिएको हुनाले निज परीक्षार्थी प्रकाश कुमार कर्णको माथी उल्लेखित विज्ञापनमा दिएको दरखास्त रद्द गर्ने आयोगको मिति २०८१/०८/२८ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

चिरन्जीवी गौतम
नि.सचिव
२०८१/०८/२८